" कृषि ,शैक्षिक र पर्यटन समृद्धिका आधार
सुन्दर, स्वस्थ, समुन्नत पञ्चपुरी नगर "

# बार्षिक नीति ,बजेट तथा कार्यक्रम

## आ.व. ०७५/०७६

**पञ्चपुरी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बावियाचौर, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

**असार २०७५**

# बार्षिक नीति ,बजेट तथा कार्यक्रम

आ.व. ०७५/०७६

**पञ्चपुरी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बावियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश नेपाल**

# पञ्चपुरी नगरपालिकाको तेस्रो नगर सभामा प्रस्तुत आ.व. ०७५/०७६ को लागि

# नीति, बजेट तथा कार्यक्रम

आदरणीय सभाध्यक्ष महोदय,

कर्णाली प्रदेश, सुर्खेत जिल्ला अन्तरगत यस पञ्चपुरी नगरपालिकाको समग्र विकास र समृद्धिको सन्निकट सम्बन्ध राख्ने आज यस पञ्चपुरी नगरपालिकाको तेस्रो नगरसभाको गरिमामय घडीमा यस सभाको शुभारम्भ कार्यक्रममा उपस्थित हुनु हुने प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, अतिथीज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विषयगत शाखाका प्रमुख, कर्मचारीहरु, सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरुमा म हार्दिक स्वागत गर्दछु । विकासको प्रचुर सम्भावना बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय नगरीको रुपमा चिनाउन सकिने यस पञ्चपुरी नगरपालिकाको समग्र विकासको आगामी आ.व. ०७५/०७६ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्ष एवम् गर्व महशुस भैरहेको छ ।

यस शुभ अवसरमा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनताको हक र अधिकारका निम्ती आफ्नो अमूल्य जीवन आहुती गर्नु भएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । यस नगरको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा समेत गर्न चाहन्छु । श्रद्धेय अग्रजहरु, विद्धान वर्ग, राजनीतिक दल, न्याय प्रेमी जनसमुदायले गरेको सहयोग र योगदानको हार्दिक आभार प्रकट गर्दछु ।

राज्य पुनर्संरचना आयोगको स्थानीय तहको संख्या र सिमाना निर्धारण सम्बन्धी सिफारिस तथा नेपाल सरकार (मन्त्री परिषद्) को निर्णयानुसार विभिन्न मितिमा गठीत समितिको सिफारिस अनुसार साविकका सालकोट, बाबियाचौर, छाप्रे, विद्यापुर र तातापानी गाविसहरु समाहित गरेर गठन भै स्थानीय तहको रुपमा कार्यान्वयमा रहेको यस पञ्चपुरी नगरपालिकाको भूगोल, जनसंख्या, ऐतिहासिक, धार्मिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुले भरिपूर्ण र शहरीकरणको सम्भावना बोकेको नगरपालिका रहेको छ । स्थानीय सरकारको रुपमा नगरपालिकाले नगरबासीहरुको भावना, आवश्यकता महशुस गरी

क्रियाशिल हुनुपर्ने आजको परिप्रेक्षमा पक्कै पनि हामी निर्वाचित जनप्रतिनिधि प्रति आशातित आम सरोकारका विषयहरुलाई सम्बोधन गर्ने र नगरपालिकाको समृद्धि र नगरवासीको हितको लागि सहमति र सहकार्यको अभ्यास गरिरहेका छौं ।

सिंहदरवारको अधिकार गाऊँ-गाऊँमा भन्ने संघीयताको मुल मन्त्रलाई साकार पार्न आर्थिक सामाजिक रुपान्तरण सहित समृद्ध र समुन्नत नगर निर्माण हाम्रो लक्ष्य रहेको छ । **"कृषि,शैक्षिक र पर्यटन समृद्धिका आधार सुन्दर, स्वस्थ, समुन्नत पञ्चपुरी नगर "** नगरबासीको रहर भन्ने सोचलाई आत्मसाथ गर्दै नगरको सर्वाङ्गिण विकासमा हामी सबै एकजुट भएर लाग्नु जरुरी छ ।

लामो समय पछि हामी निर्वाचित प्रतिनिधि १ बर्षको कार्यकाल पार गरी दोस्रो बर्षमा प्रवेश गरेतापनि ठूलो भौगोलिक क्षेत्रफल, जनताको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा, स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारीको तुलनामा उपलब्ध सिमित स्रोत र साधनको बाबजुत बस्ती तथा टोल भेला, वडा समिति, कार्यपालिका बैठकमा छलफल गरी उपलब्ध स्रोत र साधनको सबै क्षेत्र र वर्गमा विनियोजन गर्ने प्रयास गरिएको छ । भौगोलिक हिसावले यो नगरपालिका सुर्खेत जिल्लाका नगरपालिकाहरु मध्ये सबैभन्दा ठूलो र स्थानीय तह मध्येको तेस्रो ठूलो स्थानीय तह रहेको र यसको अधिकांश क्षेत्र ग्रामिण प्रकृतिको रहेकोले सिमित साधन स्रोत र असिमित जन आकांक्षा आवश्यकता वीच तालमेल मिलाई अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता वीच पुऱ्याउने कोशिस गरिएको छ । यस क्रममा पिछडिएका जाती, जनजाती, दलित, महिला, बालबालिका, आदिवासी, सुकुम्बासी आदिका क्षेत्रमा बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

स्थानीय सरकारको रुपमा यथाशक्य प्रशासनिक तथा विकास निर्माणका कार्यहरु अगाडि बढाउनु पर्ने अवस्था छ । यसलाई सशक्त बनाउन सिमित जनशक्ति, स्रोत, साधनको उच्चतम सदुपयोग गरी जनतालाई सेवा प्रवाह, सुशासन र नगरमा शहरी पूर्वाधार विकासका कार्यक्रमहरु गर्नु पर्ने वाध्यता छ । वड्डीचौर-वेनिघाट-दिपायल सडक, चिसापानी(कैलाली)-बाबियाचौर-जंगलाघाट-अछाम जोड्ने सडक, कल्यानकाँध-भक्तडी-धनरास सडक, छिन्चु-लेखपराजुल-हरिहरपुर-तरंगा-तातापानी-कैलाली भेरी करिडोर सडक यसै नगरपालिको क्षेत्र भएर जाने भएको हुँदा नगर शुरुवातका अभ्यासहरु कार्यान्वयन गर्न सहज हुने देखिन्छ । ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरु यस नगरपालिका भित्र हुनु थप अवसर हो ।

**नगरपालिकाको विद्यमान अवस्था:**

- नगरपालिकाको शुरुवातको अभ्यास
- आगामी २०७५ श्रावण १ देखि नगर क्षेत्रभित्र एकीकृत सम्पत्तिकर प्रणालीको कार्यान्वयन गर्नुपर्ने
- नगरपालिकाको अधिकार क्षेत्र र जिम्मेवारीको आधारमा सिमित जनशक्तिबाट सेवा प्रवाह, विकास निर्माणका कार्यहरु सम्पादन गर्नुपर्ने
- अधिकार र जिम्मेवारी क्षेत्रभित्रका विषयहरुमा थुप्रै ऐन, कानूनहरु निर्माण गरी कार्यान्वयन गर्नु पर्ने
- नगरको अधिकांश बस्तीमा बस्ने व्यक्तिहरुको जग्गाको स्वामित्व नभएको र स्वामित्व भएकाहरुलाई पनि करको दायरामा ल्याउन कठीनाई रहेको
- नगरका सबै वडामा यातायातको पहुँच नहुनु
- नगरपालिकाको संस्थागत र भौतिक पूर्वाधार विकास गर्नु पर्ने
- शहरी पूर्वाधारको विकास गर्नु पर्ने
- आर्थिक दृष्टिले सक्रिय जनशक्ति बढी भएपनि उचित व्यवस्थापन र रोजगारी सृजना नहुँदा उर्जाशील जनशक्ति भारत लगायत विभिन्न मुलुकहरुमा जोखिमपूर्ण काममा आफ्नो श्रम बेच्न बाध्य रहेकाछन् ।
- कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर जोड्ने बड्डीचौर-वेनिघाट-दिपायल सडक कालो पत्रे हुन नसकेको ।
- स्थानीय स्तरमा साना लघु जलविद्युत उत्पादन भई थोरै जनता लाभान्वित रहेता पनि यस क्षेत्रमा केन्द्रीय विद्युत लाईन विस्तार भै नसकेको ।
- प्रशस्त खानेपानीका स्रोतहरु हुदांहुदै पनि सवै नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्ध हुन नसकेको ।
- नागरिकहरुले स्वास्थ्य उपचारका लागि नगर बाहिर जानु पर्ने बाध्यता हुंदा प्राथामिक स्वास्थ्य केन्द्र सालकोटलाई अस्पतालको रुपमा स्तरोन्नती गर्न आवश्यक रहेको ।
- नगरपालिका र वडा कार्यालयको आफ्नो भवनहरु नहुँदा व्यवस्थित रुपमा सेवा सुविधा प्रवाह गर्न कठीनाई भैरहेको ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा हाँसिल गर्न अन्यत्र जानुपर्ने अवस्था रहेको ।
- नगर क्षेत्रभित्र रहेका दर्जनौं पर्यटकीय क्षेत्रहरु ओझेलमा परेका छन । संरक्षण, संवर्द्धन र प्रचार/प्रसारको आवश्यकता रहेको ।

- परम्परागत खेती प्रणालीलाई आधुनिक तरिकाले व्यवसायिक कृषि प्रणालीको विकास हुन नसकी निर्वाहमुखी रहेको ।
- २०७१ सालको बाढीबाट प्रभावित भई विस्थापित घर परिवारहरुको उचित व्यवस्थापन हुन नसकेको ।
- महिला, बालवालिका, दलित, आदिवासी जनजाती, अपाङ्ग आदि लक्षित समुदायहरुको जिवन स्तरमा सुधार हुन नसकेको ।
- नगरको अधिकांश क्षेत्रमा अव्यवस्थित बसोवास भएको ।

हामी सबै नगरबासीहरुले समुन्नत नगरपालिकाको परिकल्पनाका साथ आ-आफ्नो क्षमता अनुसार योगदान र सहभागिता रहेमा यस्ता चुनौतीहरु पक्कै पनि समाधान हुनेछन् ।

**मुख्य उपलब्धीः**

- नगरपालिकाको अधिकार र जिम्मेवारी भित्र रही ५ वटा ऐन, २ वटा नियमावली, ६ वटा कार्यविधि तथा निर्देशिका निर्माण गरिएको ।
- स्थानीयवासीको सहभागितामा ७ किलो वाट क्षमताको तुषारे पधेरा पिको जलविद्युत आयोजना निर्माण ।
- करिब २८ कि.मी. सडकको नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न, ९ कि.मी. सडक ग्रावेल गरिएको ।
- फार्सेकाँडा हाँसेगाउँ लिफ्ट खानेपानी, बरैचे खानेपानी, चनाली खानेपानी, ताउले खानेपानी, गल्फा राजीटोल खानेपानी, विद्यापुर खानेपानी, लाटिकाँडा खानेपानी, राजीधारा कुइने सोलार पम्पीङ्ग खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिएको ।
- आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- बाबियाचौर बजार स्थित सडक व्यवस्थित तथा सुधार गर्ने कार्य भैरहेको ।
- बाल स.का. र विद्यालय कर्मचारीहरुलाई पोशाक भत्ता वितरण ।
- विभिन्न समितिहरु गठन भै क्रियाशिल रहेको ।
- वडा नं. २ र ७ को वडा कार्यालयको निर्माणाधिन अधुरो भवन निर्माण कार्य यसै आ.व.मा पुरा हुने ।
- २ वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिएको ।

- प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा आवश्यक पूर्वाधार भिडियो एक्सरे, जेनेरेटर खरिद गरिएको र विद्युत जडान कार्य भैरहेको ।
- पूर्ण खोपयुक्त नगरपालिका घोषणा
- राजीधारा कुइने खानेपानी, बरैचे खानेपानी, लाटिकाँडा खानेपानी, चनाली खानेपानी, गल्फा राजीटोल खानेपानी, ताउले खानेपानी आयोजना निर्माण कार्य जारी रहेको र अन्य साना खानेपानी आयोजना सम्पन्न भएको ।
- पञ्चपुरी मन्दिर, शिवधाम धार्मिक स्थल, भेरी कर्णाली दोभानमा धार्मिक पूर्वाधार निर्माण कार्यहरु भैरहेको ।

**कार्यालय व्यवस्थापन तथा संस्थागत**

- सवारी साधन जीप १ र ब्याकहो लोडर १ खरिद
- नगरपालिका तथा वडा कार्यालय व्यवस्थापन
- सफ्टवेयर तथा इन्टरनेट खरिद तथा जडान
- नगरपालिका कार्यालय भवन निर्माणको लागि बोलपत्र आव्हान भै स्वीकृतीको प्रकृयामा रहेको ।

**कार्यक्रम तर्फः**

- बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण
- डकर्मी तालिम
- एकीकृत सम्पत्ति कर प्रणाली कार्यान्वयन सम्बन्धी अभिमुखिकरण र कार्यशाला गोष्ठी
- सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई १ पटक सम्पन्न भै २ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिने ।
- नगर यातायात गुरुयोजना तथा भु-उपयोग योजना, पर्यटन विकास योजना, राजश्व सुधार योजना तयारी गर्ने कार्य भैरहेको ।
- जेष्ठ नागरिक स्वास्थ्य परिक्षण शिविर १ पटक सञ्चालन गरिएको ।
- बाल बिवाह न्यूनिकरण सम्बन्धी अभिमुखीकरण

- फलफुल, खाद्यान्न बाली, तरकारीबाली तथा माटो व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको ।
- बाढीबाट प्रभावित व्यक्तिको लागि बदामको मिनीकिट वितरण गरिएको ।

सभाध्यक्ष महोदय,

नगरवासीहरुको आवश्यकता, प्राथमिकता र अधिकारलाई समुचित रुपमा विकास गर्न सकिएमा नगरपालिका नगरवासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **" कृषि ,शैक्षिक र पर्यटन समृद्धिका आधार सुन्दर, स्वस्थ, समुन्नत पञ्चपुरी नगर "** भन्ने परिकल्पनाको साथै म यस सभा समक्ष संक्षिप्त रुपमा आ.व. ०७५/०७६ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## नीति तथा कार्यक्रम

### बजेट तथा बार्षिक योजना तर्जुमाका आधारहरुः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- चौधौं योजना
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- नेपाल सरकारले जारी गरेका नीति, कानून तथा निर्देशनहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७५
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- कर्णाली प्रदेश सरकारको नीति र लक्ष्य
- स्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, सिर्जित दायित्व र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

- प्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका/नगर सभा सदस्यज्यूहरु, राजनीतिक दल, विषयगत कार्यालय, निजी क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- बस्ती/टोल स्तरीय भेला, वडा समिति, विषयगत समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रकृयाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु
- पञ्चपुरी नगरक्षेत्रमा विकास सम्बन्धी अवसर तथा चुनौती र बस्तुस्थितीको अवस्था विश्लेषण

**आगामी आ.व.को बजेटका विशेषता तथा प्राथमिकताहरु**

- आवधिक विकास योजना तयार गरी सो को आधारमा बार्षिक योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्दै जाने ।
- नगरपालिका कार्यालय, वडा कार्यालय भवन निर्माण र सवारी साधन खरिदको लागि बजेट विनियोजन गरिएको छ ।
- नगरपालिका तथा वडा कार्यालयको व्यवस्थापन, सञ्चालन, जनशक्ति र स्रोत साधन व्यवस्थापन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर भित्र सञ्चालन हुने विकास निर्माण कार्यमा नगरवासीलाई लागत सहभागिता गर्न विशेष जोड दिइनेछ ।
- बस्ती/टोल स्तरीय भेला, वडा समिति हुँदै सहभागितामुलक तरिकाले आएका योजना/ कार्यक्रमलाई प्राथमिकता दिईएको छ ।
- बालमैत्री, वातावरणमैत्री एवं लैंगीक, सामाजिक र समावेशीकरणमा आधारित आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिईएको छ ।
- सडक विस्तार, फोहोरमैला व्यवस्थापन, सार्वजनिक, ऐलानी तथा प्रति जग्गा संरक्षण, बस्ती विकास तथा भवन निर्माण मापदण्ड एवं राष्ट्रिय भवन संहिता कार्यान्वयनमा प्राथमिकता दिईएको छ ।
- स्थानीय तहको अधिकार क्षेत्रभित्र नगरपालिकाले लगाउन र उठाउन पाइने कर तथा गैर कर, राजश्व क्षेत्रको पहिचान, संकलन, व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गर्दै आन्तरिक र वाह्य स्रोतहरुको पहिचान र उपलब्ध स्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिइएको ।

- ➢ राजश्व परिचालन, सडक बत्ति व्यवस्थापन, सामुदायिक विद्यालयमा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन, बालमैत्री स्थानीय शासन र वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनमा जोड दिईएको छ ।
- ➢ ऐतिहासिक, पर्यटकीय र धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धनमा जोड दिईएको छ ।

**<u>क्षेत्रगत नीतिहरुः</u>**

(पञ्चपुरी नगरपालिकाको सोच, लक्ष्य र उद्देश्यलाई आत्मसाथ गर्दै नगरपालिकाको दीर्घकालिन सोचको यथार्थपरक बनाउनका लागि निम्नानुसारका क्षेत्रगत नीतिलाई अवलम्बन गरिएको छ)

**(क) सामाजिक विकासः-**

**लक्षित वर्गः**

- निर्णय प्रकृया र आयोजना तथा कार्यक्रमको कार्यान्वनयमा महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, जेष्ठ नागरिक तथा विपन्न एवं पिछडा वर्गहरुको सहभागीतामा जोड दिइनेछ ।
- सामाजिक कुरितिका रुपमा रहेका छुवाछुत, छाउपडि, बोक्सी, बालविवाह, सडक बालबालिका मुक्त क्षेत्र घोषणा गर्न पहल गरिनेछ ।
- बालविवाह अन्त्य गरिनेछ ।
- महिलाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आयमुलक, सीपमुलक कार्यक्रम सञ्चालन गरी आय आर्जनमा बृद्धि गरी आत्म निर्भर बनाइने नीति लिईनेछ ।
- नगर स्तरीय महिला समन्वय समिति गठन गरी क्रियाशिल गरिनेछ ।
- वडा स्तरीय बालसमूह र नगर स्तरीय बाल क्लव गठन गरी क्षमता विकास तथा सुदृढीकरण गरिनेछ ।
- बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
- लक्षित कार्यक्रममा छुट्याइने बजेटको कार्यान्वयनको प्रभावकारीतामा जोड दिईनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री तथा अपाङ्गमैत्री सार्वजनिक भवन निर्माण गर्ने नीति लिईनेछ ।

- जेष्ठ नागरिकहरुको अनुभव र सीपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिकको सेवा, सुरक्षा तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुलाई नगरपालिकाका सबै वडामा सहज तरिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- युवाहरुलाई स्वरोजगार गराउन आय आर्जनका कार्यक्रम सञ्चालन गरि प्रत्येक वडाबाट १० जनाका दरले ११० जना युवालाई व्यवसायीक बनाइनेछ ।
- अपाङ्ग, अनाथ, दृष्टिविहिन बालबालिकाको सुरक्षा एवम् संरक्षणको साथै पठन पाठनको लागि आवश्यक पहल गरिनेछ ।
- HIV/AIDS संक्रमित सहयोग कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- बालबालिकाको सक्रियतामा बालबालिकाको गुनासो सुन्न बाल आवाज रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरलाई बाल श्रममुक्त बनाउन विशेष पहल गरिनेछ ।
- टोल विकास संस्था गठन तथा व्यवस्थापन गरी सम्पूर्ण घरलाई टोल विकास संथामा आवद्धता गर्दै टोल विकास संस्थालाई सक्रिय बनाईनेछ ।
- मदिरा तथा सूर्ति जन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै नियन्त्रित बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक विकास लगायत समग्र सशक्तिकरणको लागि विशेष पहल गरिनेछ ।
- सरकारी तथा सार्वजनिक सेवामा महिलाको पहुँच बढाउन लोक सेवा आयोगका तयारी कक्षाहरु सञ्चालन गर्ने नीति लिइनेछ ।
- जातीय छुवाछुत तथा भेदभाव मुक्त नगर घोषणा गर्न विशेष पहल गरिनेछ ।

**शिक्षाः-**

- नगरलाई शैक्षिक स्तरमा उत्कृष्ट रुपमा विकास गर्न जनस्तरको आवाज र वडा स्तरबाट आएका मागलाई प्राथमिकता दिई नगरपालिकाको बार्षिक आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा विषेश जोड दिइनेछ ।

- लक्षित समूहका बालबालिकाको शिक्षामा पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारको विकासका लागि रकम विनियोजन गर्दा विद्यालय सुधार योजनाको आधारमा उपलब्ध गराउने नीति लिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा भौतिक र शैक्षिक सामाग्रीहरु उपलब्ध गराउन सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बालविकास केन्द्रहरुको भौतिक सुधार तथा व्यवस्थापन गरिनेछ ।
- सूर्य प्रकाश मा.वि. सालकोटमा प्राविधिक शिक्षालयको भौतिक पूर्वाधारको लागि आवश्यक रकमको व्यवस्था एवम् पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको एक मात्र जनता बहुमुखी क्याम्पस विद्यापुरको आवश्यक पूर्वाधारको लागि पहल गरिनेछ ।
- बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयका निजी स्रोतका शिक्षक तथा कर्मचारीहरुको सेवा सुविधाको लागि संघीय र प्रदेश सरकारमा पहल गरिनेछ ।
- विद्यालयहरुको पूर्वाधार निर्माण गर्दा लैङ्गिक मैत्री एवं बालमैत्री अवधारणालाई विशेष जोड दिएर संरचना निर्माण गरिनेछ ।
- विद्यालयहरुलाई सूचना प्रविधी मैत्री बनाउन आवश्यक उपकरण उपलब्ध गराईनेछ ।
- पुस्तकालय एवं बाचनालय निर्माण एवं व्यवस्थापनमा विशेष जोड दिइनेछ ।
- पूर्ण साक्षर घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**स्वास्थ्यः-**

- नगरमा शहरी स्वास्थ्य केन्द्रको अवधारणा अनुरुप स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई निरन्तरता दिने र थप स्थानमा सञ्चालन तथा विस्तार गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका बर्थिङ्ग सेन्टरको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- यस नगरपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र सालकोटमा आवश्यक पूर्वाधार र कम्तीमा २५ शैयाको स्तरोन्नती गर्न आवश्यक रकमको व्यवस्था एवं पहल गरिनेछ ।

- यस नगरपालिका अन्तरगत कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता वृद्धि गर्न आवश्यक तालिमको व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ । र महिला स्वास्थ्य स्वयं सेविका कोष व्यस्थित गर्नुका साथै सेवा निवृत्त महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विशेष सुविधा उपलब्ध गराई सम्मान गर्ने नीति लिइनेछ ।
- आधारभूत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृ शिशु प्रजननको लागि विशेष सहयोग गरिनेछ ।
- आयुर्वेद उपचार पद्धतिको प्रवर्द्धन गर्न योग, ध्यान, शिविर सञ्चालन गरिनेछ ।
- सुरक्षित बर्थिङ्ग सेन्टर र खोप केन्द्रको निर्माण एवं व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

**गैरसरकारी संस्थाः**

- विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

**खेलकूदः**

- खेलकूद प्रवर्द्धन, नगर भित्र खेल मैदान र खेलकूद पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।
- प्रत्येक वडामा १ खेलकूद मैदान निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- नगर स्तरीय खेलकूद समिति गठन गरी प्रत्येक बर्ष मेयरकप खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ ।

**पर्यटन, संस्कृतिः**

- पर्यटन विकासको लागि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको विकास र व्यवस्थापनमा जोड दिईनेछ ।
- नगर क्षेत्र भित्र रहेको जाजुरा दह प्रमुख पर्यटकीय स्थल रहेको हुँदा स्थानीयवासीको सहभागितामा संरक्षण तथा विकास समिति गठन गरी तालको उपयोग, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

- नगर क्षेत्रमा रहेका अन्य पर्यटकीय स्थल चमेरे गुफा, गुप्तीताल, पाँचतले गुफा, मादले गुफा, पञ्चपुरी देवस्थल, भेरी कर्णाली दोभानमा धार्मिक पूर्वाधार निर्माण, भेरी र कर्णाली नदीमा ऱ्याफ्टिङ्गका साथै होमस्टे सञ्चालन गर्न उपयुक्त स्थान पहिचान गरी व्यवस्थापन गरिनेछ ।
- पर्यटकीय, धार्मिक तथा पुरातात्वीक स्थलहरुको खोज पहिचान संरक्षण तथा प्रचार प्रसारको लागि पहल गरिनेछ ।
- परम्परागत चाड, पर्व, जात्रा, मेला, मठ, मन्दिर, गुम्वा, चर्च, पत्रकारिता, खेलकूद, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ । साथै उक्त क्षेत्रको प्रवर्द्धनको लागि श्रष्टा सम्मान कार्यक्रम लगायत विशेष कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

**खानेपानी तथा सरसफाईः**

- नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भैसककेको हुँदा पूर्ण सरसफाई कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रभित्र स्वच्छ खानेपानीको सुविधाबाट बञ्चित बासिन्दाहरुलाई खानेपानीको लागि भक्तडी खानेपानी, पिनेखोला फार्सेकाँडा हाँसेगाउँ खानेपानी, तातापानी खानेपानी, कुइने खानेपानी, बाबियाचौर बरैंचे खानेपानी, विद्यापुर खानेपानी, दुलाल्थाई माझीगाउँ खानेपानी, हुड्के नार्सी खानेपानी निर्माणको लागि नेपाल सरकार र प्रदेश सरकारमा विशेष पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र सुलभ रुपमा स्वच्छ खानेपानीको आपूर्तिमा सहयोग गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साइडको लागि आवश्यक स्थानको पहिचान गरी व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी नगरलाई स्वच्छ र सफा राख्ने नीति लिइनेछ ।

**(ख) आर्थिक विकासः**

- आगामी आ.व. ०७५/०७६ का लागि स्वीकृत अधिकांस कर दस्तुरलाई निरन्तरता दिदै करदाता र करको दायरा विस्तारको नीति लिइनेछ ।

- कृषि योग्य उपयुक्त ठाँउको पहिचान गरी तरकारी तथा फलफूलको पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्गानिक खेती प्रणालीलाई प्राथमिकता दिई कृषि प्रणालीलाई व्यवसायीकरण गरिनेछ । र यसको लागि सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।
- यस नगरपालिकाको पहाडि भेगमा व्यवसायिक रुपमा पशुपालन, फलफुल खेती र जडिबुटीको पकेट क्षेत्रको रुपमा विकास गर्न विशेष पहल गरिनेछ ।
- समूह मार्फत सञ्चालित पशु पालन व्यवसायीहरुलाई आवश्यक सहयोग एवम् उन्नत जातको पशुपालन गर्न प्रोत्साहित गरिनेछ ।
- नगर क्षेत्रमा रहेका सहकारी संस्थाहरुको अभिलेखलाई व्यवस्थित गरी संस्थागत क्षमता वृद्धि गरिनेछ ।
- उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम सञ्चालन गरी महिला, दलित, आदिवासी, जनजाती, पछाडि परेका समुदायलाई लघु उद्यममा सहभागी गराइनेछ र उद्योग स्थापनाको लागि प्रोत्साहित गरिनेछ ।
- नगरपालिकाले उठाउनु पर्ने सबै किसिमका कर दस्तुरहरु असुली अभियानको कार्यक्रम सञ्चालन गरी असुली गरिनेछ ।
- महिलाका नाममा सम्पत्ति प्राप्त हुने गरी गरिने सिफारिस एवं प्रमाणितमा लाग्ने शुल्क, दस्तुरको १० प्रतिशत छुट दिइनेछ ।
- सबैभन्दा धेरै र नियमित रुपमा कर तिर्ने प्रत्येक वडाबाट एक एक जना करदातालाई नगरपालिकाले सम्मान गर्ने नीति लिईनेछ ।
- आ.व. ०७४/०७५ सम्मको कर बुझाउन बाँकी रहेका व्यवसायीहरुले २०७५ मंसिर मसान्तसम्म तोकिएको कर सम्बन्धित वडा कार्यालयमा गई बुझाएमा कुनै जरिवाना नलिने र आ.व. ०७५/०७६ को कर सहित सम्पूर्ण बुझाएमा बुझाएको रकममा १० प्रतिशत छुटको व्यवस्था गरिएकोछ ।

**(ग) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

- नगर क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहबाट बार्षिक कार्ययोजना अनुसार सामुदायिक वनको कटानी एवं निजी वनमा रहेको काठ दाउरा सम्बन्धी कार्ययोजना नगर कार्यपालिकाबाट स्वीकृत गराई प्रचलित कानून बमोजिम वनजन्य सम्पदाको व्यवस्थापन गरिनेछ ।
- विकास योजना सञ्चालन गर्दा वातावरणमैत्री विकास प्रणालीलाई संस्थागत गर्दै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यून गर्न सो क्षेत्रमा कार्यरत सरकारी गैरसरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकीकृत प्रविधियुक्त वन नर्सरी स्थापना, खानेपानी मुहान संरक्षण र नगरपालिकाको उत्तरी क्षेत्रलाई जलाधारको क्षेत्रको रुपमा संरक्षण गर्ने कार्यमा जोड दिईनेछ
- विपद् व्यवस्थापन कोष स्थापनालाई निरन्तरता दिइनेछ ।
- २०७१ को बाढीबाट प्रभावित भई विस्थापित घर परिवारहरुको उचित व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।
- नगर स्तरीय विपद् व्यवस्थापन समिति गठन भैसकेको र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि क्रियाशिल बनाईनेछ ।
- विपद् व्यवस्थापन समितिका पदाधिकारीको क्षमतावृद्धिको साथै विपद् पूर्व तयारी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका नदी, खोला, नाला, तालहरुको अतिक्रमण र प्रदुषित हुन नदिने र संरक्षण गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको वन संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुको साथै उद्यान, पार्क निर्माण एवम् राजमार्ग तथा सडकको दायाँ बाँया वृक्षारोपण गरी हरियाली कायम गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्र भएर बग्ने भेरी र कर्णाली नदीबाट बर्षेनी बसोबास योग्य जमीन कटान भैरहेकोले तटबन्धनको लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिकालाई प्लाष्टिक मुक्त बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सरसफाई र वातावरण संरक्षणमा सहयोग गर्ने व्यक्ति, संघ र संस्थालाई सम्मान गरिनेछ भने सडक क्षेत्र, नाली तथा जहाँतही फोहोर एवं निर्माण सामाग्री फाल्नेलाई कारवाही गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरमा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सौर्य उर्जा र वायो ग्याँस विस्तारमा जोड दिइनेछ ।

**(घ) भौतिक पूर्वाधारः**

- बड्डीचौर-बाबियाचौर-वेनिघाट-दिपायल सडक (मदन भण्डारी मार्ग) कालोपत्रे गर्न र नगर क्षेत्र भएर अन्य गाउँपालिका तथा जिल्ला जोड्ने रणनैतिक सडकहरुः चिसापानी(कैलाली)-बाबियाचौर-छाप्रे-जंगलाघाट-अछाम मंगलसेन जोड्ने सडक, कल्यानकाँध-भक्तडी-धनरास-डोटी सडक, छिन्चु-लेखपराजुल-हरिहरपुर-तरंगा-तातापानी सडक, राग विद्यापुर-दहताल-छाप्रे-अछाम मंगलसेन जोड्ने सडक, सालकोट-हाँसेगाउँ-धनबोट-चिउरी-जंगलाघाट सडक निर्माणको लागि संघीय सरकार र प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ ।
- नगर भित्रका सडकहरुलाई एक अर्को वडा हुँदै छिमेकी गाउँपालिका समेतलाई जोडी सडक सञ्जाल बनाउने र बाह्रै महिना यातायात सञ्चालन हुने गरी सडक मर्मत सुधारमा प्राथमिकता दिइनेछ ।
- अधुरा तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिइनेछ ।
- नगरको चक्रपथको सम्भाव्यता अध्ययनको लागि पहल गरिनेछ ।
- बनाईएका भौतिक पूर्वाधारलाई दिगोपनाको लागि पूर्वाधार विकासका कार्यक्रममा २.५% रकम कट्टा गरी सो रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने र सोही कोषबाट नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- विकासलाई वातावरण मैत्री बनाउन आवश्यकता र औचित्यताको आधारमा मात्र नयाँ सडक खोल्ने र विस्तार गर्ने नीति लिइनेछ ।
- साना योजना भन्दा देखिने पूर्वाधार निर्माणमा विशेष जोड दिईनेछ ।
- नेपाल सरकारबाट भुकम्प प्रतिरोधात्मक घर निर्माण सम्बन्धी आधारभूत मापदण्ड लागु हुनु पूर्व निर्माण भएका घरहरुको अभिलेख राखी अभिलेखीकरण प्रमाणपत्र दिइनेछ ।
- नगर क्षेत्रको समृद्ध विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै PPP (Public Private Partnership) मोडलबाट विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने नीति लिइनेछ ।
- यस नगर क्षेत्र भित्रका सिंचाइको सम्भावना भएका क्षेत्रको सिँचाई योजना निर्माण तथा मर्मत सम्भार कार्यको लागि आवश्यक व्यवस्था गरिनेछ ।

- ठूला सिँचाई आयोजना निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र केन्द्रीय विद्युतलाईन विस्तार गर्न पहल गरिनेछ र जन सहभागितामा आधारित लघु विद्युत, सौर्य उर्जा, वायो ग्याँस आदि बैकल्पीक उर्जाका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- पञ्चपुरी नगरपालिकाको एकीकृत शहरी विकास योजना निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा विशेष पहल गरिनेछ ।
- भू-उपयोग तथा नगर यातायात गुरुयोजना तयार गर्ने कार्य भैरहेको हुँदा स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ ।
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बनाई राष्ट्रिय भवन संहितालाई कार्यान्वयन गरी भुकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यमा जोड दिइनेछ ।
- नगर क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबास र सकुम्वासी बस्तीलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- भुकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि प्रोत्साहित गर्न डकर्मीहरुलाई तालिम दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि लागत सहभागिता गर्न रकम विनियोजन गरिएको छ ।

**दिर्घकालिन पूर्वाधारः**

- नगर क्षेत्र भएर जाने सडक तथा यातायातलाई ध्यानमा राखी नगर बसपार्क, शवदाह गृह, कवर्डहल, पशु वधशाला, जेष्ठ नागरिक विश्राम स्थल, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहोर प्रशोधन केन्द्र, ढल निकास आदि जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

**(ङ) सेवा प्रवाह र सुशासनः**

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका र वडा कार्यालयको भवन निर्माणको लागि नगरपालिकाबाट समेत बजेट विनियोजन गरी आवश्यक बजेट व्यवस्थाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- कार्यालयलाई आवश्यक पर्ने सवारी साधन, मेशिन उपकरण खरिद गर्ने कार्य गरिनेछ ।
- कार्यालयबाट सम्पादन हुने कार्यलाई सेवाग्राहीमैत्री बनाइनेछ ।

- स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी अनुसार नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु बनाई स्वीकृत गरी लागु गरिनेछ ।
- कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको प्रहरी सेवा र नगर प्रहरी सेवाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- वडा समितिले गर्नु पर्ने सम्पूर्ण कार्यहरु वडाबाटै सम्पादन हुने गरी सबै वडामा इन्टरनेटको पहुँच सहितको कम्प्यूटरको व्यवस्था गरी कर्मचारीको क्षमता विकास गरिनेछ ।
- करदाता तथा सेवाग्राहीहरुलाई सम्मानपूर्वक सहज रुपमा कर एवं राजश्व बुझ्ने बुझाउने, सेवा लिने वातावरण मिलाईनेछ ।
- प्रत्येक वडामा नागरिक वडापत्र राखी नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- नगर कार्यपालिका कार्यालयको संगठन विकास अध्ययन गरी आवश्यक दरबन्दी सृजना गर्ने, कर्मचारीको पद पूर्ति गर्ने र प्रत्येक कर्मचारीको कार्य विवरण तयार गरी कार्य विवरणमा उल्लेखित कार्य सम्पादन गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाको Website: panchapurimun.gov.np अध्यावधिक गरी नगरपालिकाको हरेक सूचनालाई website मा राखिनेछ ।
- नगरको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अडियो नोटिस वोर्ड, नागरिक वडापत्रका साथै हेलो पञ्चपुरी रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक बर्षमा कम्तीमा ३ पटक नगरपालिकाबाट प्रदान गरिने सेवा र सुविधाका बारेमा फरक फरक वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ र वडाहरुले बर्षमा कम्तीमा १ पटक अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नेछन् ।
- नगर कार्यपालिकाले आफ्नो स्रोत हेरी आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गर्नेछ । साथै कर्मचारीको मनोबल उच्च पार्ने नीति लिईनेछ ।
- नेपालको संविधान र कानूनले नगरपालिकाले गर्ने भनी तोकेका कार्यहरु क्रमशः कार्यान्वयन गरी व्यवस्थित गर्दै विद्युतीय सेवा शुरु गर्ने नीति लिइनेछ ।
- नगर कार्यपालिकाको खर्च लेखा प्रणाली आ.व. ०७५/०७६ देखि विद्युतीय प्रणालीद्वारा सञ्चालन गरिनेछ ।

- नगरस्तरीय र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन भै सकेको हुँदा योजना कार्यान्वयन तथा अनुगमन कार्यलाई केही सहज बनाएको छ । नगर क्षेत्र भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गरी पारदर्शी बनाईनेछ ।
- नगरपालिका तथा वडा कार्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाईनेछ ।
- सञ्चार क्षेत्रलाई आवश्यक सहयोग गरिनेछ ।

**(झ) राजश्व र लेखाः**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आगामी आ.व. ०७५/०७६ को श्रावण १ गते देखि एकीकृत सम्पत्तिकर प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।
- आन्तरिक आय बृद्धि हुने किसिमका कार्यहरुलाई प्राथमिकता दिइनेछ ।
- व्यवसाय कर र बहाल कर असुलीलाई प्रभावकारी बनाउन नगर भित्रका सबै वडाका उद्योग, व्यापार, व्यवसायीहरुको लगत खडा गरी स्थलगत असुली अभियानको थालनी गरिनेछ ।
- अपाङ्ग, असहाय, असक्त, दैवी प्रकोप पिडित, द्वन्द पिडित, ७० बर्ष माथिका जेष्ठ नागरिकलाई निःशुल्क सिफारिस गरिनेछ ।
- राजश्व सम्बन्धी प्रशासन, लेखा र अभिलेख प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

सभाध्यक्ष महोदय,

म अब माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि बस्ती तथा टोल स्तरीय भेला, वडा समिति, विषयगत समिति, नगर कार्यपालिका बैठकमा घनीभूत छलफल भै स्वीकृतीको लागि पञ्चपुरी नगरपालिकाको आ.व. ०७५/०७६ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**यस चालु आ.व.को असार ५ गतेसम्मः**

गत बर्षको जिम्मेवारी सरेको **रु. ६१ लाख ९२ हजार ७ सय**, आन्तरिक आय **रु. ६ लाख १८ हजार** , नेपाल सरकारको वित्तिय समानिकरण अनुदान **रु. २४ करोड ९२ लाख ८० हजार**, सशर्त अनुदान **रु. १२ करोड ९६ लाख ५६ हजार**, सामाजिक सुरक्षा भत्ता **रु. ३ करोड ६६ लाख ७४ हजार**, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम **रु. ७ लाख ९० हजार**, गरिबसँग विशेश्वर कार्यक्रम

**रु. ४ लाख २९ हजार** जिल्ला समन्वय समितिबाट **रु १लाख ९२ हजार** गरी जम्मा **रु. ४२ करोड ३८ लाख ३१ हजार ७ सय** आम्दानी भएको छ ।

**खर्च तर्फः**

चालु खर्च **रु. १ करोड ३४ लाख ५९ हजार २ सय२२,** सामाजिक सुरक्षा भत्ता रु **३ करोड ६१ लाख ६० हजार ९ सय ६०**, सशर्त अनुदान कार्यक्रम तर्फ **रु. १० करोड ९६ लाख ४६ हजार ७ सय ३७**, पुंजीगत खर्च **रु. ९ करोड ९६ लाख ८९ हजार १ सय २१**, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम खर्च **रु. ३ लाख ९० हजार ८ सय ३२** गरी जम्मा **रु. २५ करोड ९३ लाख ४६ हजार ८ सय ७२** खर्च भएकोछ ।

सभाध्यक्ष महोदय,

आगामी बर्ष २०७५/०७६ को लागि संक्षिप्त बजेट प्रस्तुत गरेको छु ।

**आय तर्फः**

आन्तरिक आयबाट **रु. ५९ लाख ४० हजार**, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान **रु. ११ करोड १६ लाख**, सशर्त अनुदान **रु. १५ करोड ७ लाख**, राजश्व बाँडफाँडबाट प्राप्त हुने **रु. ९ करोड २ लाख ४४ हजार**, प्रदेश सरकारबाट वित्तिय समानिकरण र राजश्व बाँडफाँडबाट प्राप्त हुने **रु. ५८ लाख ३३ हजार**, सामाजिक सुरक्षा भत्ता रु. **५ करोड ५५ लाख**, अन्य आम्दानी ( गत वर्षको मौज्दात) **रु.२ करोड ५० लाख** , स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम **रु. १४ लाख**, सडक बोर्ड नेपाल **रु. २५ लाख,** नेपाल सरकारबाट समपुरक अनुदान र विशेष अनुदानबाट **रु. १ करोड**, प्रदेश सरकारबाट समपुरक अनुदान र विशेष अनुदानबाट प्राप्त हुने **रु. ५० लाख** गरी जम्मा **रु. ४६ करोड ३७ लाख १७ हजार** अनुमान गरिएको छ ।

**व्यय तर्फः**

प्रशासनिक खर्च **रु. ५ करोड ८१ लाख, सामाजिक सुरक्षा भत्ता रु. ५ करोड ५५ लाख, सशर्त अनुदान कार्यक्रम रु. १५ करोड ७ लाख, सडक बोर्ड नेपाल रु २५ लाख ,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु. १४ लाख, पुँजीगत तर्फ रु. १९ करोड ५५ लाख १७ हजार** गरी जम्मा **रु. ४६ करोड ३७ लाख १७** हजार अनुमान गरिएको छ ।

अन्तमा, तेस्रो नगरसभाको शुभारम्भ कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउने प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगर सभा सदस्यज्यूहरुबाट गहन मार्ग दर्शन एवम् रचनात्मक सुझाव प्राप्त हुनेछन् । उक्त मार्ग दर्शन एवम् सुझावहरुलाई मनन गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट, नीति तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै नगरको समग्र विकास अभियानमा संवेदनशिल भै सहयोग गर्नु हुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, संघ संस्था, उद्योग बाणिज्य संघ, समाजसेवी, बुद्धिजिवी, शिक्षक, नागरिक समाज, सञ्चारकर्मी लगायत समग्र नगरबासी दाजु भाई दिदी बहिनीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

मुक्ति देवी रेग्मी (पुरी)
(उप प्रमुख)
मितिः- २०७५/०३/१० गते आइतवार